त्रिभुवन विश्वविद्यालयद्वरा सम्बन्धनप्राप्त
AFFILIATED TO TRIBHUVAN UNIVERSITY
# सुकुना बहुमुखी क्याम्पस
SUKUNA MULTIPLE CAMPUS
सुन्दरहरैंचा नगरपालिका, मोरङ, प्रदेश नं. १, नेपाल
SUNDARHARAINCHA MUNICIPALITY, MORANG, PROVINCE NO.-1, NEPAL
स्था: २०४८ ESTD:1992

पत्र सङ्ख्या :
चलानी नम्बर :

**(स्ववियु निर्वाचन समिति २०७९)**

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, नगरपालिका, मोरङ स्था: २०४८ स्ववियु निर्वाचन समिति

मितिः २०७९/११/१४ गते ।
सूचना नं. २

**विषयः विद्यार्थीका सङ्घ/सङ्ठन/समूह दर्ता सम्बन्धमा ।**

प्रस्तुत विषयमा त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालय सूचना तथा जनसम्पर्क महाशाखाको मिति २०७९/०९/२८ गते प्रकाशित सूचनाअनुसार त्रिविका आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पसहरूमा मिति २०७९/१२/०५ गतेका दिन हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचनका लागि यस क्याम्पसमा रहेका विद्यार्थीका सङ्घ/सङ्गठन/समूह दर्ताका लागि देहायबमोजिमका कागजात सहित मिति २०७९/११/१४ गते आइतवार विहान ७:०० बजे देखि २०७९/११/१५ गते सोमवार अपरान्ह ४:०० बजेसम्म यस निर्वाचन समितिको कार्यलयमा आवेदन गर्नुहुन विद्यार्थीका सबै सङ्घ/सङ्गठन/समूहहरूलाई सूचित गरिन्छ । निर्धारित समय सिमासम्ममा विद्यार्थीका सङ्घ/सङ्गठन/समूह दर्ता नगरेमा सङ्घ/सङ्गठन/समूहको नामबाट स्ववियु निर्वाचनमा भागलिन नपाइने बेहोरा समेत अवगत गराइन्छ ।

**विद्यार्थीका सङ्घ/सङ्गठन/समूह दर्ताका लागि आवश्यक कागजातहरू**
(माथिदेखि तलसम्मको क्रम ढाँचामा)

१. सङ्घ/सङ्गठन/समूहको लेटरहेड (लेटरप्याड) मा सङ्घ/सङ्गठन/समूह दर्ता गरिपाउँ भन्ने बेहोराको कार्यालयीय पत्र । (लेटरप्याड सहितको पत्रमा सङ्घ/सङ्गठन/समूह छाप, पत्र चलानी नम्बर, विषय, सङ्घ/सङ्गठन/समूह दर्ताको बेहोरा, सभापति/अध्यक्ष/संयोजक/प्रमुखको नाम, पद र हस्तक्षर भएको हुनु पर्नेछ ।)

२. विद्यार्थीका कार्यसमितिमा रहेका पदीय व्यक्तिहरूको नाम, पद, ठेगाना, फोन नम्बर, इमेल, अध्ययन गर्ने तह तथा कक्षाको विवरण सहितको प्रमाणित तालिका ।

३. सङ्घ/सङ्गठन/समूहको दर्ता प्रयोजनका लागि गरिएको निर्णयको प्रमाणित प्रतिलिपि । (बैठक पुस्तिकामा बैठकको बेहोरा, बैठकको उपस्थिति, प्रस्ताव र सङ्घ/सङ्गठन/समूहको दर्ता प्रयोजनका लागि गरिएको निर्णय स्पष्ट भाषामा लिपिबद्ध गरिएको प्रमाण हुनु पर्नेछ ।)

४. सङ्घ/सङ्गठन/समूहको चलनचल्तिको विधान वा त्यस्तो विधानको प्रमाणित प्रतिलिपि ।

सुकदल लिम्बू
संयोजक
संयोजक
स्ववियु निर्वाचन समिति २०७९